# संवत् २०७८ साल पुस १ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सहन्यायाधिवक्ताको पदमा श्री सोमकान्त भण्डारीलाई नियुक्त गरी उच्च सरकारी वकिलको कार्यालय, तुलसीपुरमा पदस्थापन गर्ने।

२. अर्थ मन्त्रालय — नेपाल राजस्व परामर्श विकास समितिका सदस्य निर्मलहरि अधिकारीको राजीनामा मिति २०७८/०८/०१ देखि लागू हुने गरी स्वीकृत गर्ने।

३. अर्थ मन्त्रालय — कोभिड-१९ को आकस्मिक प्रतिकार्य तथा जनस्वास्थ्य जोखिमको पूर्वतयारी परियोजनाका लागि विश्व बैंकबाट प्राप्त हुने अमेरिकी डलर १८ मिलियन थप ऋण सहायताको सम्बन्धमा वार्ता टोली गठन गर्न स्वीकृति दिने।

४. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — नेपाल कानून आयोगका उपाध्यक्ष प्रा.डा. लक्ष्मीप्रसाद मैनालीलाई घरभाडाबापत प्रति महिना रु. २७,००० । उपलब्ध गराउने।

५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — निजामती सेवा ऐन, २०४९ को दफा ९ को उपदफा (१) बमोजिम नेपाल न्याय सेवाअन्तर्गत विनोद कुमार भट्टराईलाई नेपाल न्याय सेवा, कानून समूहको राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सोसरहको पदमा नियुक्ति गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशको सचिव (राजपत्राङ्कित प्रथम श्रेणी) पदमा पदस्थापन गर्ने र श्री रामप्यारी सुनुवारलाई नेपाल न्याय सेवा, न्याय समूहको राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव वा सोसरहको पदमा नियुक्ति गरी प्रशासकीय अदालतको रजिष्ट्रार पदमा पदस्थापन गर्ने।

६. गृह मन्त्रालय — संदिप चन्द्र बानियाँ र सुदिप चन्द्र बानियाँको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजहरूलाई नेपाली नागरिकबाट हटाउने।

७. गृह मन्त्रालय — आत्माराम कुर्मीको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने।

८. गृह मन्त्रालय — भारतीय सशस्त्र सीमा बलको 20th -21st December, 2021 मा आयोजना हुने 58th Anniversary Day कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनाललाई सहभागी हुन स्वीकृति दिने।

९. गृह मन्त्रालय — काठमाडौं उपत्यकामा योमरी पुन्ही-ज्यापू दिवस (धान्य पूर्णिमा) को दिन सार्वजनिक बिदा दिने।

१०. परराष्ट्र मन्त्रालय — The Alliance Francaise Kathmandu (AFK) सँग भएको सम्झौता परिमार्जन गरी संशोधित सम्झौतामा हस्ताक्षर गर्ने।

११. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — बेनीघाट रोराङ गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत सञ्चालन हुने गरिबी निवारण कोष अभिलेख व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्न आ.व. २०७८/०७९ का लागि ५ (पाँच) जना राजपत्राङ्कित अधिकृतहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — भोटेओडार आँखा उपचार केन्द्रलाई सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने।

१४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — कालिगण्डकी कोरिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा) सडकअन्तर्गतको विभिन्न चेनेजहरूमा पर्ने घर टहराहरूको मुआब्जा दिई जग्गा प्राप्ति प्राप्त गर्न स्वीकृति प्रदान गर्ने।

१५. युवा तथा खेलकुद मन्त्रालय — राष्ट्रिय युवा परिषद्को उपाध्यक्षको नियुक्तिका लागि सिफारिस समिति गठन गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

१६. रक्षा मन्त्रालय — नेपाली सेना, सैनिक प्राविधिक सेवाका सहायक रथी श्री हेगेन्द्र लाल महर्जनको पदावधि थप गर्ने।

१७. रक्षा मन्त्रालय — राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (पहिलो संशोधन) (गठन) आदेश, २०७८ स्वीकृत गर्ने।

१८. रक्षा मन्त्रालय — नेपाली सेनाका सहायक रथी सागर बहादुर के.सी.लाई अवकाशपूर्व उपरथी दर्जामा मानार्थ बढुवा गर्ने।

१९. रक्षा मन्त्रालय — नेपाली सेना, सैनिक स्वास्थ्य समूहका सहायक रथी डा. अरुण कुमार न्यौपाने तथा चार सैनिक अधिकृतको बढुवा गरी पदस्थापन गर्ने र सहायक रथी डा. अरुण शर्मासमेत चार रथीवृन्द र एक महासेनानीको सरुवा गर्ने।

२०. रक्षा मन्त्रालय — नेपाली सेनाका महासेनानी खगेश्वर अर्यालको अवकाशपूर्व विशेष बढुवा गर्ने।

२१. रक्षा मन्त्रालय — नेपाली सेना, सैनिक प्राविधिक सेवा, इन्जिनियरिङ समूह, मर्मत तथा सम्भार उपसमूहका महासेनानी खुम बहादुर कुंवर क्षेत्रीको पदावधि थप गर्ने।

२२. रक्षा मन्त्रालय — नेपाली सेना, सैनिक प्राड सेवाका सहायक रथी जीवन प्रसाद दाहाल, सहायक रथी इभिता राणा तथा महासेनानी महेन्द्र जंग शाहको सरुवा गर्ने।

२३. रक्षा मन्त्रालय — नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ समूह, सिभिल तथा आर्कीटेक्चर उपसमूहका महासेनानीद्वय इन्दीवर गुरुङ र धर्मेन्द्र कुमार झाको सरूवा गर्ने।

२४. वन तथा वातावरण मन्त्रालय — सुर्खेत-बिजौरा ३३ के.भी. प्रसारणलाइन निर्माणको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।

२५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — खाँदवारी नगरपालिका, संखुवासभामा पामा रंगशाला विस्तारलगायत विभिन्न १३ वटा स्थानीय तहको परियोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने।

२६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत सञ्चालित विकास आयोजना/समितिहरूको लागि अधिकृतस्तरका २२ (बाइस) अस्थायी दरबन्दी सिर्जना गर्न स्वीकृति दिने।

२७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — जिल्ला सभा, कालिकोटको जग्गा खाँडाचक्र नगरपालिका कालिकोटको नाममा हक हस्तान्तरण गर्न स्वीकृति दिने।

२८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — डा. प्रज्वल श्रेष्ठसमेत २ जनालाई नेपाल स्वास्थ्य सेवाको एघारौं तहमा स्थायी नियुक्त गर्ने।

२९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — डा. अपार लामिछानेसमेत ६ जनालाई नेपाल स्वास्थ्य सेवाको एघारौं तहमा स्थायी नियुक्त गर्ने।

३०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — श्री संगिता श्रेष्ठ समेत २ जनालाई नेपाल स्वास्थ्य सेवाको एघारौं तहको पदमा स्थायी नियुक्त गर्ने।

३१. शिक्षक सेवा आयोग (एघारौं संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।

## संवत् २०७८ साल पुस ८ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

१. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — औद्योगिक तथा लगानी प्रवर्द्धन कोष स्थापना गर्ने।

२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — विद्युत नियमन आयोगका सदस्य श्री राम प्रसाद धितालको राजीनामा स्वीकृत गर्ने।

३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — विद्युत नियमन आयोगका अध्यक्ष र सदस्यको कार्य क्षमताको विषयमा छानबिन गर्न छानबिन समिति गठन गर्ने।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — नेपाल पावर ट्रेडिङ कम्पनी लिमिटेड सञ्चालनका लागि अनुमति प्रदान गर्ने।

५. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — विधायन व्यवस्थापनसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।

६. गृह मन्त्रालय — चार्टर उडानबापतको रकम उपलब्ध गराउने।

७. गृह मन्त्रालय — क्रिसमस डेको अवसरमा (डिसेम्बर २५) पुस १० गते शनिबार सार्वजनिक बिदा दिने।

८. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्न पूर्वस्वीकृति दिने।

९. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — राष्ट्रिय भूमि आयोग गठन (प्रथम संशोधन) आदेश, २०७८ स्वीकृत गर्ने।

१०. रक्षा मन्त्रालय — नेपाली सेना, सैनिक हवाई सेवा, पाइलट समूहका महासेनानी सन्जीव घिमिरेलाई बढुवा गरी पदस्थापन गर्ने र सहायक रथी राम सुन्दर बोहराको सरुवा गर्ने।

११. रक्षा मन्त्रालय — उपरथी संजय थापा र पाइलट उपरथी आशिष नरसिंह राणालाई बंगलादेशमा हुने अध्ययन भ्रमणमा सहभागी हुन स्वीकृति दिने।

१२. रक्षा मन्त्रालय — नेपाली सेनाका सहायक रथी प्रदिप जंग के.सी.समेत दुई रथीवृन्द र चौध सैनिक अधिकृतको बढुवा गरी पदस्थापन तथा उपरथी अनन्त कार्कीसमेत सैंतिस रथीवृन्द र उनन्चालिस सैनिक अधिकृतको सरुवा गर्ने।

१३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — राष्ट्रिय परीक्षा बोर्डको अध्यक्षमा डा. महाश्रम शर्मालाई नियुक्त गर्ने।

१४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — जिल्ला सभा, रूपन्देहीको जग्गा रोहिणी गाउँपालिकाको नाममा हक हस्तान्तरण गर्न स्वीकृति दिने।

१५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — हुलाक वस्तुको महसुल दररेट पुनरावलोकन गर्न स्वीकृति दिने।

१६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — वैदेशिक द्रुत डाँक सेवा (EMS) महसुल पुनरावलोकन गर्न स्वीकृति दिने।

१७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय —

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/८/१३ को निर्णयानुसार सङ्क्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी भएको आदेशको प्रकरण १ को खण्ड (ग) पछि देहायको खण्ड (ग१.), (ग२.) र (ग३.) थप गरी सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने-

(ग१.) खण्ड (क) र खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि पूर्ण खोप लगाएको १४ दिन पुगेको र ७२ घण्टाभित्रको पिसिआर परीक्षण रिपोर्ट नेगेटिभ भएका नेपाली नागरिक र कूटनीतिक वा अफिसियल पासपोर्ट बाहक वा आवासीय भिसा प्राप्त गरेका विदेशी नागरिकलाई कोभिड-१९

सँग मिल्दोजुल्दो लक्षण नदेखिएको अवस्थामा घरमै १० दिन क्वारेन्टिन बस्ने गरी प्रवेश अनुमति दिने।

(ग२.) खोपको मात्रा पूरा नगरेका वा खोपको मात्रा पूरा गरेको १४ दिन नपुगेका नेपाली नागरिकहरूको नेपाल प्रवेश विन्दुमा एन्टिजेन परीक्षण गर्ने। परीक्षण रिपोर्ट पोजिटिभ देखिएकालाई संस्थागत आइसोलेसनमा पठाउने र परीक्षण रिपोर्ट नेगेटिभ देखिएकालाई घरमै १० दिन क्वारेन्टिन बस्ने गरी प्रवेश अनुमति दिने।

(ग३.) खोपको मात्रा पूरा नगरेका वा खोपको मात्रा पूरा गरेको १४ दिन नपुगेका कूटनीतिक वा अफिसियल पासपोर्ट बाहक वा आवासीय भिसा प्राप्त गरेका विदेशीहरूको नेपाल प्रवेश विन्दुमा एन्टिजेन परीक्षण गर्ने। परीक्षण रिपोर्ट पोजिटिभ देखिएकालाई संस्थागत आइसोलेसन वा सम्बन्धित कूटनीतिक नियोगको जिम्मेवारीमा होम आइसोलेसनमा पठाउने र परीक्षण रिपोर्ट नेगेटिभ देखिएकालाई १० दिन होटेल क्वारेन्टिन वा सम्बन्धित कूटनीतिक नियोगको जिम्मेवारीमा होम क्वारेन्टिन बस्ने गरी प्रवेश अनुमति दिने।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू

# संवत् २०७८ साल पुस १४ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू

१. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — कृषि तथा पशुपन्छी विकास मन्त्रालयका नेपाल कृषि सेवाका वरिष्ठ माटो विज्ञ (रा.प.द्वि.प्रा.) डा. गंगादत्त आचार्य SAARC Agriculture Centre, Dhaka मा Senior Program Specialist पदमा ३ (तीन) वर्षका लागि काजमा खटाउने।

२. खानेपानी मन्त्रालय — नेपाल खानेपानी संस्थानको महाप्रबन्धक पदमा श्री ईश्वर प्रसादलाई बढीमा ४ वर्षका लागि नियुक्त गर्ने।

३. गृह मन्त्रालय — तमू ल्होसारको अवसरमा पुस १५ गते बिहीबार सार्वजनिक बिदा दिने।

४. गृह मन्त्रालय — निर्वाचन आयोगसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।

५. गृह मन्त्रालय — निर्वाचन सञ्चालन तथा व्यवस्थापनसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।

६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सचिव डा. गणेश प्रसाद पाण्डेयको वैदेशिक भ्रमण समर्थन गर्ने।

७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — मालपोत तथा नापी कार्यालयको कार्यक्षेत्र संशोधन गर्ने।

८. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — नेपाल रेडक्रस सोसाइटीको तदर्थ समिति गठन गर्ने।

९. युवा तथा खेलकुद मन्त्रालय — बंगबन्धु एसियन सेन्ट्रल जोन महिला तथा पुरुष भलिबल च्यालेन्जकप-२०२१ मा बिजेता खेलाडी, प्रशिक्षक तथा अफिसियलहरूलाई पुरस्कार दिने।

१०. रक्षा मन्त्रालय — नेपाली सेनाका बलाधिकृत रथी बालकृष्ण कार्कीलाई कायम मुकायम तोक्ने।

११. वन तथा वातावरण मन्त्रालय — टाक्टोर-लामाजुरा सडक निर्माणार्थ सोलुखुम्बुको वन क्षेत्र प्रयोग गर्न दिने।

१२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — चिकित्सा शिक्षाको स्नातक तहमा चीनलगायतका मुलुकमा अध्ययन गरेका विद्यार्थीहरूको बाँकी अध्ययन/प्रयोगात्मक अभ्यास/इन्ट्रनसीप पूरा गराउन स्वीकृति दिने।

१३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — आदिकवि भानुजन्मस्थल विकास समितिको अध्यक्ष पदमा श्री ऋषिराम पन्तलाई र कार्यकारी निर्देशकको पदमा श्री शंकर रानाभाटलाई नियुक्त गर्ने।

१४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — सडक विभागअन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

१५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — नेपाल प्रशासन सेवा, समूहीकरणतर्फको रा.प.विशिष्ट श्रेणीको सचिव -१ पदको विशेष दरबन्दी र नेपाल इन्जिनियरिङ सेवा, समूहीकरणतर्फको रा.प.विशिष्ट श्रेणीको सचिव -१ पदको दरबन्दी सिर्जना गर्ने।

१६. सहरी विकास मन्त्रालय — नगर विकास कोषको सञ्चालक समितिको सदस्य पदमा देहायका पदाधिकारीहरूलाई मनोनयन गर्ने।

   १. प्रदेश १ त्रियुगा नगरपालिका प्रमुख, श्री बलदेव चौधरी
   २. प्रदेश २ क्षिरेश्वरनाथ नगरपालिका उपप्रमुख, श्री रचना श्रेष्ठ
   ३. प्रदेश ३ धुनिवेशी नगरपालिका प्रमुख, श्री वालकृष्ण आचार्य
   ४. गण्डकी प्रदेश गोरखा नगरपालिका प्रमुख श्री राजनराज पन्त
   ५. लुम्विनी प्रदेश रेसुङ्गा नगरपालिका प्रमुख श्री डिल्ली राज भुसाल
   ६. कर्णाली प्रदेश रास्कोट नगरपालिका उपप्रमुख श्री मिमसरा बम
   ७. सुदुरपश्चिम प्रदेश गोदावरी नगरपालिका उपप्रमुख श्री रत्नाम कडायत

# संवत् २०७८ साल पुस २१ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारी तथा कर्मचारीहरूको प्रोत्साहन भत्ता स्वीकृत गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — राष्ट्रिय अनुसन्धान विभागको अतिरिक्त मुख्य अनुसन्धान निर्देशक पदमा कार्यरत श्री यदुलाल खरेललाई मुख्य अनुसन्धान निर्देशक पदमा बढुवा नियुक्त गर्ने साथै उपरोक्त कारणले रिक्त हुन जाने अतिरिक्त मुख्य अनुसन्धान निर्देशक पदमा हाल फाजिलमा रहनुभएका अतिरिक्त मुख्य अनुसन्धान निर्देशक श्री यादव प्रसाद रेग्मीलाई पदस्थापन गर्ने।

३. अर्थ मन्त्रालय — जापान सरकारबाट प्राप्त हुने आर्थिक वृद्धि तथा उत्थानशीलताका लागि जापानी येन १० विलियन (करिब रु. १० अर्ब ३९ करोड) नीतिगत ऋण सहायता स्वीकार गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — चालु आ.व. २०७८/७९ को लागि उखुको न्यूनतम खरिद मूल्य प्रति क्विण्टल रु. ५२०/- निर्धारण गर्ने। उखुको न्यूनतम खरिद मूल्य निर्धारण र उखु कृषकलाई दिने अनुदानसम्बन्धी प्रस्ताव आगामी आ.व.देखि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले पेश गर्ने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यहरूको नियुक्ति र मनोनयनसम्बन्धी निर्देशिका, २०७८ स्वीकृत गर्ने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — नेपाल विद्युत प्राधिकरणको अछाम वितरण केन्द्र र रत्ननगर टाँडी वितरण केन्द्रको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — बुटवल-लमही-कोहलपुर-न्यू अत्तरिया ४०० के.भी. प्रसारण लाइन आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — उदयपुर वितरण केन्द्रको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

९. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — नेपाल सरकार र भारत सरकारबीच रासायनिक मलको आयातको लागि सरकार-सरकार (G 2 G) प्रक्रिया अगाडि बढाउन स्वीकृति दिने।

१०. गृह मन्त्रालय — गृह मन्त्रालय, लागू औषध नियन्त्रण शाखाका शाखा प्रमुख र सबै जिल्ला प्रशासनका कार्यालयका १/१ जना सहायक प्रमुख जिल्ला अधिकारीलाई औषध नियन्त्रण अधिकारी तोक्ने।

११. गृह मन्त्रालय — एसिड आक्रमणबाट पीडित मुस्कान खातुनलाई आर्थिक सहायता उपलब्ध गराउने।

१२. गृह मन्त्रालय — नेपाल प्रहरी प्रा. प्रहरी नायब महानिरीक्षक पदलाई जनपदतर्फ हेरफेर गर्ने।

१३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — निजगढ कोल्हवी ३३ के.भी सवस्टेशन निर्माणका लागि नेपाल विद्युत प्राधिकरणलाई सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने।

१४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — राष्ट्रिय भूमि आयोगको सदस्यमा गोवर्धन कोली र सरिता महर्जनलाई नियुक्त गर्ने।

१५. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — राष्ट्रिय भूमि आयोग गठन आदेश, २०७८ बमोजिम ताप्लेजुङ्ग लगायत २८ जिल्लाका अध्यक्षहरू नियुक्त गर्ने।

१६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — दार्चुला जिल्लामा महाकाली नदी माथि नेपाल-भारत जोड्ने मोटरेबल पुल निर्माणको समझदारी पत्रमा हस्ताक्षर गर्न स्वीकृति प्रदान गर्ने।

१७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — रेल्वेको प्राविधिक सहायता अभिवृद्धिको लागि समझदारी पत्रमा हस्ताक्षर गर्न स्वीकृति प्रदान गर्ने।

१८. युवा तथा खेलकुद मन्त्रालय — राष्ट्रिय युवा परिषद्को उपाध्यक्ष पदमा श्री सुरेन्द्र बस्नेतलाई नियुक्त गर्ने।

१९. वन तथा वातावरण मन्त्रालय — वन क्षेत्रमा कार्बन सञ्चितिको पहिचानसम्बन्धी अनुसन्धानका लागि रुख कटान गर्न स्वीकृति दिने।

२०. वन तथा वातावरण मन्त्रालय — म्याग्दी खोला जलविद्युत आयोजना (५७.३० मे.वा.) निर्माणको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

२१. वन तथा वातावरण मन्त्रालय — माथिल्लो राहुघाट जलविद्युत आयोजना (४८.५ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

२२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — नेपाल राजपत्रको नियमित अङ्क हप्ताको दुई दिन प्रकाशन गर्ने।

२३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — गोरखापत्र संस्थानको गोदाम भवन निर्माण गर्नको लागि जग्गा प्राप्त गर्न स्वीकृति दिने।

२४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयनसम्बन्धी (छैटौं संशोधन) मापदण्ड, २०७८ स्वीकृत गर्ने।

२५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — नेपाल नर्सिङ परिषद्मा पदाधिकारी मनोनयन गर्ने।

२६. गृह मन्त्रालय — प्रहरी (नवौं संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।

२७. राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री कृष्ण बहादुर राउतलाई बढुवा गरी प्रदेश नं. २ को प्रमुख सचिव पदमा पदस्थापन गर्ने।

२८. प्रधानमन्त्रीको सल्लाहकार र सचिवालय व्यवस्थापन कार्यविधि, २०७४ संशोधन गर्ने।

२९. निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतलाई देहाय बमोजिम सरुवा गर्ने–

| क्र.सं. | नाम, थर | साविकको पद र निकाय | सरुवा सिफारिस गरिएको पद र निकाय |
|---|---|---|---|
| १. | श्री यामकुमारी खतिवडा (सङ्केत नं.१५८१६३) | सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (कामकाजः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) |
| २. | डा. रमेशप्रसाद सिंह (सङ्केत नं.१६७४१८) | अतिरिक्त समूह | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ३. | श्री दिनेशकुमार घिमिरे (सङ्केत नं.१५१९७४) | प्रमुख अधिकृत, राष्ट्रिय सतर्कता केन्द्र | सचिव, जल तथा ऊर्जा आयोगको सचिवालय |
| ४. | श्री सुशिल चन्द्र तिवारी (सङ्केत नं.१५५९१६) | सचिव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | प्रमुख अधिकृत, राष्ट्रिय सतर्कता केन्द्र |
| ५. | श्री मधुसुदन बुर्लाकोटी (सङ्केत नं.१४४८८०) | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश | अतिरिक्त समूह |
| ६. | श्री खगेन्द्रप्रसाद नेपाल (सङ्केत नं.१४१८३३) | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (कामकाजः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (विशेष दरबन्दी) |
| ७. | श्री किरणराज शर्मा (सङ्केत नं.१७४४९४) | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश | सचिव, रक्षा मन्त्रालय |
| ८. | श्री हरिप्रसाद मैनाली (सङ्केत नं.A१४७३६०) | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.२ | सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |

# संवत् २०७८ साल पुस ३० गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — कोरोना सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७८ स्वीकृत गर्ने।

२. अर्थ मन्त्रालय — नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट स्वीकृत गर्ने।

३. अर्थ मन्त्रालय — अरुण-३ आयोजनाका लागि पैठारी हुने ढुवानी साधनहरूमा राजस्व छुट दिने।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — पाल्पा २२० के.भी. सबस्टेशन आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — खोर्ले बेसी (गोरखा) ३३ के.भी. प्रसारण लाइन तथा सबस्टेशन आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — मेवा-चाँगे र केराबारी-न्यू मर्स्याङ्दी १३२ के.भी. प्रसारण लाइन आयोजनाको क्षतिपूर्ति निर्धारण समिति गठन गर्ने।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — बुढीगंगा जलविद्युत आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — लप्सीफेदी सबस्टेशन निर्माणस्थलमा पर्ने जग्गाको मुआब्जा दिने।

९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — बुढीगण्डकी जलविद्युत आयोजनाको डुवान क्षेत्रमा रेहका घरगोठलगायत भौतिक संरचनाहरूको क्षतिपूर्ति (मुआब्जा) दिने।

१०. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — बढुवा समितिबाट सिफारिस भएका राजेन्द्र कोइराला लगायत ७ जना द्वितीय श्रेणीका अधिकृतहरूलाई राजपत्राङ्कित प्रथम (प्रा.) पदमा बढुवा नियुक्ति दिई कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने।

११. गृह मन्त्रालय — आ.व. २०७८/७९ को बजेट वक्तव्य मार्फत ३३ प्रतिशतले वृद्धि भएको सामाजिक सुरक्षा भत्ताको मासिक भत्ता दर बमोजिम मानव सेवा आश्रम लगायत ३ वटा संस्थाहरूलाई रकम निकासा गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागलाई स्वीकृति दिने।

१२. गृह मन्त्रालय — ३ जना शरणापेक्षी श्रीलंकन नागरिकहरूलाई नेपालको प्रचलित कानूनअनुसार लाग्ने भिसा दस्तुर, विलम्ब शुल्क मिनाहा गरी नेपालबाट प्रस्थान गराउने।

१३. गृह मन्त्रालय — ट्राफिक प्रहरीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउन स्वीकृति दिने।

१४. परराष्ट्र मन्त्रालय — संयुक्त राष्ट्र संघको मानव अधिकार उच्चायुक्तको पदमा प्रा.डा. सूर्य प्रसाद सुवेदीको मनोनयन गरी निजको नियुक्तिका लागि कूटनीतिक पहल गर्ने।

१५. परराष्ट्र मन्त्रालय — अफगान नागरिकलाई मानवीय सहायता प्रदान गर्ने।

१६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — मनमोहन प्राविधिक विश्वविद्यालय, स्कूल अफ इन्जिनियरिङ्ग, बुढीगंगा, मोरङ्गलाई बि.ई. सिभिलमा विद्यार्थी सङ्ख्या-४८ र बि.ई. इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्समा विद्यार्थी सङ्ख्या-४८ जना सहितको नयाँ थप कार्यक्रमहरू अध्ययन अध्यापन गराउन अस्थायी स्वीकृति प्रदान गर्ने।

१७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — सवारीको इन्धन प्रणालीमा फेरबदल गर्न अनुमति दिने।

१८. युवा तथा खेलकुद मन्त्रालय — Inter-governmental ministerial meeting on Anti-doping in Sports बैठकमा सहभागी हुन युवा तथा खेलकुद मन्त्री नेतृत्वको टोलीलाई स्वीकृति दिने।

१९. रक्षा मन्त्रालय — उपरथी हिरा लाल जोशीलाई श्रीलंकामा हुने अध्ययन भ्रमणमा सहभागी हुन स्वीकृति दिने।

२०. रक्षा मन्त्रालय — नेपाली सेनाका उपरथीद्वय श्री सिताराम खड्का र श्री ताराध्वज पाण्डेको पदावधि थप

गर्ने।

२१. वन तथा वातावरण मन्त्रालय — राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका पदाधिकारीहरूलाई पाँच दिनको समयावधि दिई सफाई पेश गर्ने मौका दिने।

२२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — नेपाल विश्वविद्यालयसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।

२३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — श्री जयराम अधिकारी र श्री रामचरित्र मेहतालाई राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव (प्रा.) पदमा स्थायी नियुक्त गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने।

२४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — धनगढी बिमानस्थल सुधार योजनाका लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने।

२५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — टोखा नगरपालिका र चीनको स्वायत्त क्षेत्र तिब्बतस्थित नक्छु (Nagqu) सहरबीच भगिनी सम्बन्ध कायम गर्न स्वीकृति दिने।

२६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — अन्तर्राष्ट्रिय दलित सम्मेलनमा भाग लिन जाने दलित प्रतिनिधिलाई आर्थिक सहायता उपलब्ध गराउने।

२७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — पातारासी गाउँपालिका, वडा नं. ४ जुम्लामा प्रशासकीय भवन निर्माणलगायत विभिन्न ११ वटा स्थानीय तहको परियोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने।

२८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — नेपाल प्रशासन सेवा, रा.प.प्रथम श्रेणीको सहसचिव पदमा श्री हेमराज सुवेदीलगायत १८ जनाको बढुवा गरी पदस्थापन गर्ने।

२९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — कोभिड-१९ बाट सङ्क्रमित भएका उपसचिव (लेखा) श्री शिवराम महतको थप उपचारको लागि एअर लिफ्ट गरी पोखराबाट काठमाडौं ल्याउँदा हेलिकप्टर भाडाबापतको रकम पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई सोधभर्ना निकासा उपलब्ध गराउने।

३०. वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भएको काम कारबाही र अनियमितताको सम्बन्धमा छानबिन गर्न गठित समितिको प्रतिवेदनसमेतका आधारमा थप जाँचबुझको काम अघि बढाउने र प्रचलित कानूनबमोजिम अन्य व्यवस्था नभएसम्मका लागि दैनिक प्रशासनिक कार्य सञ्चालन गर्न गराउनका लागि सहकुलपतिमार्फत् प्रतिष्ठानलाई निर्देशन दिने।

३१. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — बर्ड फ्लु रोग नियन्त्रण नियमावली, २०७८ स्वीकृत गर्ने।

३२. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयअन्तर्गतको राष्ट्रिय किसान आयोग तथा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाको लागि १८० वटा राजपत्राङ्कित पदको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

३३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने।

३४. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८ स्वीकृत गर्ने।

३५. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — राष्ट्रिय पशु प्रजनन नीति, २०७८ स्वीकृत गर्ने।

३६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — राष्ट्रिय सहकारी विकास बोर्डको सहअध्यक्ष पदमा श्री मित्रराज दवाडीलाई नियुक्त गर्ने।

३७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — प्रदेश नं.१, इलाम जिल्ला, चुलाचुली गाउँपालिका, वडा नं. ४ मा रहेको ३५ रोपनी सरकारी जग्गासमेत ११ वटा स्थानलाई औद्योगिक ग्राम घोषणा गर्ने।

३८. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय — प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०७८ स्वीकृत गर्ने।

३९. खानेपानी मन्त्रालय — मेलम्ची खानेपानी आयोजना पुनःनिर्माण कार्ययोजना स्वीकृत गर्ने।

४०. नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा श्री शंकर प्रसाद खरेल (सङ्केत नं. १०७७७४) लाई बढुवा गरी अतिरिक्त समूहमा पदस्थापन गर्ने।

४१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय – विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ को नयाँ भेरियण्ट ओमिक्रोनसहितको सङ्क्रमण नेपालमा समेत बढ्दै गएको सन्दर्भमा सोको रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी आदेश जारी गर्ने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने।

४२. नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरूको यात्रा व्यवस्थापनसम्बन्धी आदेश, २०७८ स्वीकृत गर्ने र सोको सूचना अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू

# संवत् २०७८ साल माघ १० गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू

१. अर्थ मन्त्रालय — नेपाल लेखापरीक्षण सेवा, राजपत्राङ्कित प्रथम श्रेणीको नायब महालेखापरीक्षक पदमा श्री तारा प्रसाद पाण्डे समेत दुई जनाको बढुवा नियुक्त तथा पदस्थापन गर्ने।

२. अर्थ मन्त्रालय — विराटनगर खानेपानी सुधार आयोजना कार्यान्वयन गर्न जापान सरकारबाट प्राप्त हुने जापानी येन २५४१ मिलियन (करिब रु. २ अर्ब १ करोड) सम्मको अनुदान सहायता स्वीकार गर्ने।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — उत्पादनमूलक उद्योगलाई औद्योगिक प्रयोजनको लागि आवश्यक पर्ने कच्चा पदार्थ सुपारी, मरिच र छोकडाको पैठारीलाई व्यवस्थित गर्ने।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — मेवा-चाँगे र केराबारी-न्यू मर्स्याङ्दी १३२ के.भी. प्रसारण लाइन आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — विद्युत नियमन आयोगका अध्यक्ष र सदस्यको कार्यक्षमताको विषयमा गठित छानबिन समितिको म्याद थप गर्ने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — नेपाल इन्जिनियरिङ्ग सेवा, एगृ इरिगेशन इन्जिनियरिङ्ग समूह, राजपत्राङ्कित प्रथम श्रेणी पदमा श्री वासुदेव तिमिल्सिनालाई बढुवा नियुक्त तथा पदस्थापन गर्ने।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूह, हाइड्रोपावर उपसमूह राजपत्राङ्कित प्रथम श्रेणी पदमा श्री प्रदिप कुमार साहलाई बढुवा नियुक्त तथा पदस्थापन गर्ने।

८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — नेपाल विद्युत प्राधिकरणअन्तर्गतका विभिन्न प्रसारण लाइन तथा सवस्टेशन आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — नेपाल विद्युत प्राधिकरणअन्तर्गतका विभिन्न प्रसारण लाइन तथा सवस्टेशन आयोजनाको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

१०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — लामोसाँघु-काभ्रे/रामेछाप १३२ के.भी. प्रसारण लाइनको सवस्टेशनको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

११. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — लुम्बिनी सीड कम्पनि प्राइभेट लिमिटेडसमेत ३ वटा संस्थालाई जात परीक्षण गर्न मान्यता प्रदान गर्ने।

१२. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — नेपाल कृषि सेवा, बाली संरक्षण र एगृ ईको एण्ड मार्केटिङ्ग समूह, राजपत्राङ्कित प्रथम श्रेणीको पदमा श्री मेघनाथ तिमल्सेनालगायतलाई बढुवा नियुक्ति तथा पदस्थापना गर्ने।

१३. खानेपानी मन्त्रालय — नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, स्यानिटरी उपसमूह, राजपत्राङ्कित प्रथम श्रेणी पदमा मोहनलाल जैसीलाई नियुक्ति तथा पदस्थापन गर्ने।

१४. गृह मन्त्रालय — प्रहरी कर्मचारीसम्बन्धी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा पुनरावलोकन गर्न सैद्धान्तिक स्वीकृति दिने।

१५. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणलगायत अन्य पूर्वाधार निर्माणका लागि सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने।

१६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — कृषि तथा वन विज्ञान विश्व विद्यालयलाई सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने।

१७. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — प्रदेश सरकारमा हस्तान्तरण भएको सडक नेपाल सरकारबाट सञ्चालन गर्ने।

१८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइवे उपसमूह, राजपत्राङ्कित प्रथम श्रेणीको पदमा श्री पूर्व कुमार राईसमेत २ जनालाई बढुवा नियुक्त तथा पदस्थापन गर्ने।

१९. रक्षा मन्त्रालय — भोजपुर जिल्लास्थित श्री फष्टरैफल गणको लागि जग्गा प्राप्ति गर्ने।

२०. रक्षा मन्त्रालय — उपरथी हिरा लाल जोशीलाई बंगलादेशमा सञ्चालन हुने South Asia Conference of Commandants मा सहभागी हुन स्वीकृति दिने।

२१. वन तथा वातावरण मन्त्रालय — कञ्चनपुर र कैलालीमा एकीकृत फोहरमैला व्यवस्थापन प्लान्ट स्थापनार्थ वन क्षेत्र प्रयोग गर्न दिने।

२२. वन तथा वातावरण मन्त्रालय — मादमे खोला जलविद्युत आयोजना (२४ मे.वा.) निर्माणका लागि वन क्षेत्र प्रयोग गर्न दिने।

२३. वन तथा वातावरण मन्त्रालय — नेपाल वन सेवा, स्वायल एण्ड वाटर कन्जरभेसन समूह, राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव (प्रा.) पदमा श्री उद्धव बहादुर घिमिरेलाई बढुवा नियुक्ति तथा पदस्थापन गर्ने।

२४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव (प्रा.) पदमा श्री रुद्ध प्रसाद अधिकारीलाई बढुवा नियुक्ति तथा पदस्थापन गर्ने।

२५. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — नेपाल शिक्षा सेवा, पुरातत्व समूह, राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव वा सो सरह पदमा श्री सुरेश सुरस श्रेष्ठलाई नियुक्ति तथा पदस्थापन गर्ने।

२६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूह, जनरल उपसमूह, रा.प.प्रथम श्रेणीको सहसचिव पदमा श्री कृष्ण कुमार मिश्रसमेत चार जनालाई बढुवा गरी पदस्थापन गर्ने।

२७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — नेपाल प्रशासन सेवा, रा.प.प्रथम श्रेणीको सहसचिव पदमा श्री दिपक घिमिरेलगायतलाई बढुवा नियुक्ति गरी पदस्थापन गर्ने।

२८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — राजपत्राङ्कित विशिष्ट श्रेणी र प्रदेशका प्रदेश सचिवका कर्मचारीको मौजुदा दरबन्दी पुनरावलोकन गर्ने।

२९. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — हुलाक टिकट तथा हुलाक स्टेशनरीहरूको मूल्य रकम मिनाहा गर्ने।

३०. सहरी विकास मन्त्रालय — काठमाडौंको गोकर्णदेखि सिनामंगल (पशुपति क्षेत्रबाहेक) बागमती नदी सौन्दर्यीकरणसम्बन्धी निर्माण कार्यको म्याद थप गर्ने।

३१. सहरी विकास मन्त्रालय — नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, विल्डिङ्ग एण्ड आर्किटेक्ट उमसमूह, राजपत्राङ्कित प्रथम श्रेणी, सुपरिटेन्डेन्ट इन्जिनियर पदमा श्री नारायण प्रसाद भण्डारीलगायतलाई बढुवा नियुक्ति तथा पदस्थापन गर्ने।

३२. सहरी विकास मन्त्रालय — काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८ (दोस्रो संशोधन, २०७८) स्वीकृत गर्ने।

३३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — स्वास्थ्य बीमा बोर्डको अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

३४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — सुदूरपश्चिम प्रदेशमा अवस्थित सङ्घीय सरकारअन्तर्गतको डडेलधुरा अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा विकास गर्न सैद्धान्तिक सहमति दिने।

# संवत् २०७८ साल माघ १७ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू

१. अर्थ मन्त्रालय — नेपाल स्टक एक्सचेञ्ज लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदमा श्री कृष्णबहादुर कार्कीलाई नियुक्त गर्ने।

२. अर्थ मन्त्रालय — नेपाल लेखापरीक्षण सेवा, राजपत्राङ्कित प्रथम श्रेणीको नायब महालेखापरीक्षक पदमा श्री पदम प्रसाद आचार्यसमेत दुई जनालाई बढुवा नियुक्त तथा पदस्थापन गर्ने।

३. अर्थ मन्त्रालय — विश्व बैंकबाट फाइनान्स फर ग्रोथ डेभलपमेन्ट पोलिसी क्रेडिटबापत प्राप्त हुने १५० मिलियन USD सहुलियतपूर्ण ऋण सहायतासम्बन्धी दस्तावेजलाई अन्तिम रूप दिन वार्ता टोली गठन गर्ने र वार्ता गर्न अख्तियारी दिने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — नेपाल इन्जिनियरिङ सेवा, जियोलोजी समूह, ईन्जिनियरिङ्ग जियोलोजी उपसमूह, रा.प.प्रथम श्रेणी सह सचिव वा सोसरहको (प्राविधिक) पदमा श्री माधव देव आचार्यलाई बढुवा नियुक्ति गर्ने। साथै नेपाल इन्जिनियरिङ सेवा, केमेष्ट्री समूह, रा.प.प्रथम श्रेणी सहसचिव वा सोसरहको (प्राविधिक) पदमा श्री राम किसुन गिरीलाई बढुवा नियुक्ति गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — तनहुँ जलविद्युत आयोजनाको प्रसारण लाइनको लागि जग्गा प्राप्ति सम्बन्धी प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

६. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — नेपाल कृषि सेवा, ला.पो.डे.डे समूह, राजपत्राङ्कित प्रथम (प्रा.) श्रेणीमा श्री सूर्य प्रसाद पौडेललाई बढुवा नियुक्त तथा पदस्थापन गर्ने।

७. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — राजपत्राङ्कित प्रथम श्रेणी (प्रा.) सहसचिव पदमा डा. लेखराज दहाललाई नियुक्त गर्ने।

८. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — नेपाल कृषि सेवा, एगृ. ईको. मार्केटिङ्ग एण्ड स्टाटिष्टिक समूहको राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव (प्रा.) पदमा श्री अरुण काफ्ले तथा कमलराज गैरेलाई बढुवा नियुक्ति गर्ने।

९. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव (प्रा.) पदमा श्री विनोद कुमार भट्टराईलाई बढुवा नियुक्त गर्ने।

१०. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — नेपाल कृषि सेवा, ला.पो.डे.डे समूहको राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव (प्रा.) पदमा कार्यरत डा. लोकनाथ पौडेलको राजीनामा स्वीकृत गर्ने।

११. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — The Saftey and Health Conditions of Haylage Expert from Nepal to China विषयक Protocal स्वीकृत गर्ने ।

१२. गृह मन्त्रालय — राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणमा ७ (सात) जना राजपत्रांकित श्रेणीको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

१३. गृह मन्त्रालय — सोनम ल्होसारको अवसरमा २०७८ माघ १९ गते सार्वजनिक बिदा दिने।

१४. गृह मन्त्रालय — विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको अवधि तीन महिना बढाउन र थप पाँच स्थानीय तहको भौगोलिक क्षेत्रलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने।

१५. परराष्ट्र मन्त्रालय — संयुक्त राष्ट्र सङ्घका लागि नेपालको स्थायी नियोग, जेनेभाको अस्थायी उपसचिव दरबन्दी नवीकरण/स्वीकृत गर्ने।

१६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — सिमरा र कलैयाको भूमिसुधार, मालपोत तथा नापीसम्बन्धी कार्यक्षेत्र संशोधन गर्ने।

१७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — चितवन र खैरहनीको मालपोत तथा नापीसम्बन्धी कार्यक्षेत्र संशोधन गर्ने।

१८. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — नेपाल विद्युत प्राधिकरणलाई सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने।

१९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — नेपाली सेनाबाट दार्चुलाको तुषारपानीदेखि कोठाधारसम्मको चार कि.मि. सडक खण्डको ट्र्याक निर्माण गराउने।

२०. रक्षा मन्त्रालय — सैनिक प्राड सेवाका सेनानी आनन्द खड्काको अवकाशपूर्व विशेष बढुवा गर्ने।

२१. रक्षा मन्त्रालय — नेपाली सेनाका सेनानी मिन बहादुर गोदारलाई अवकाशपूर्व प्रमुख सेनानी पदमा मानार्थ बढुवा गर्ने।

२२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — नेपाल नागरिक उड्डयन प्राधिकरणको महानिर्देशक पदमा ई. श्री प्रदीप अधिकारीलाई नियुक्त गर्ने।

२३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — नेपाल टेलिभिजनको कार्यकारी अध्यक्षमा श्री समिर जंग शाहलाई नियुक्त गर्ने।।

२४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) र ३१ वटा शिक्षा विकास तथा समन्वय इकाईमा मिति २०७८/१०/०१ देखि २०७९ असार मसान्तसम्मको लागि ४७ वटा राजपत्रांकित वा सो सरहको अस्थायी दरबन्दी सिर्जना गर्ने।

२५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — नेपाल खुला विश्वविद्यालयको उपकुलपति पदमा प्रा.डा. शिलु मानन्धरलाई नियुक्त गर्ने।

२६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — शिक्षक अस्पताल निर्माण गर्न सैद्धान्तिक स्वीकृति दिने।

२७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — सफा हिमाल अभियान, २०२२ मा खटिने नेपाली सेनाका सदस्यहरू हिमाल आरोहण गर्दा लाग्ने सलामी दस्तुर र गारवेज धरौटीबापतको रकम छुट दिने।

२८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — डा. सुदेश सुवेदीको राजीनामा स्वीकृति गर्ने।

२९. वन तथा वातावरण मन्त्रालय — प्रधान खनिज उद्योगलाई चुनढुङ्गा उत्खनन गर्नका लागि वन क्षेत्र प्रयोग गर्न दिने।

३०. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — कच्चा दुधको न्यूनतम मूल्य निर्धारण गर्ने।

३१. वन तथा वातावरण मन्त्रालय — प्लाष्टिक झोला प्रतिबन्धसम्बन्धी कार्ययोजना, २०७८ स्वीकृत गर्ने।

३२. नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री रामेश्वर दंगाल (सङ्केत नं. १५९४३७) लाई बढुवा गरी सुदूरपश्चिम प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने।

# संवत् २०७८ साल माघ २४ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव श्री देव कुमारी गुरागाईको वैदेशिक भ्रमण स्वीकृत गर्ने।
२. अर्थ मन्त्रालय — धितोपत्र दर्ता तथा निष्काशन (पाँचौं संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।
३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — नेपाल विद्युत प्राधिकरण, भजनी वितरण केन्द्र र सुनवल १३२ के.भी. प्रसारण लाइनको लागि जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।
४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — विद्युत नियमन आयोगका अध्यक्ष र सदस्यको कार्यक्षमताको विषयमा गठित छानबिन समितिको पुनः म्याद थप गर्ने।
५. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — बर्ड फ्लु प्रभावित क्षेत्र घोषणा गरी रोग नियन्त्रण गर्ने।
६. खानेपानी मन्त्रालय — नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, स्यानीटरी उपसमूह, राजपत्राङ्कित प्रथम श्रेणी, सहसचिव (प्रा.) पदमा श्री कविन्द्र विक्रम कार्कीसमेत दुई जनालाई नियुक्ति तथा पदस्थापन गर्ने।
७. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (पहिलो संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।
८. गृह मन्त्रालय — वि.सं. २०७९ साल वैशाख ३० गते शुक्रवारका दिन एकै चरणमा देशभरका सबै गाउँपालिका र नगरपालिकाको निर्वाचन गर्ने।
९. गृह मन्त्रालय — सशस्त्र प्रहरी महानिरीक्षकको घर बिदा स्वीकृत गर्ने।
१०. परराष्ट्र मन्त्रालय — सिंगापुरमा कार्यरत अवैतनिक नेपाली वाणिज्यदूत श्री मधुसुधन मुलजीभाई पटेलको पदावधि थप गर्ने।
११. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइवे उपसमूह, राजपत्राङ्कित प्रथम श्रेणीको पदमा श्री अशोक तिवारी समेत दुई जनालाई बढुवा नियुक्त तथा पदस्थापन गर्ने।
१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — जग्गा प्राप्ति र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।
१३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — The Global Disability Summit को दोस्रो सम्मेलनमा माननीय महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीको नेतृत्वमा सहभागिता जनाउन स्वीकृति दिने।
१४. युवा तथा खेलकुद मन्त्रालय — राष्ट्रिय खेलकुद परिषद्का अध्यक्षलाई आर्थिक र प्रशासनिक अधिकार दिने।
१५. रक्षा मन्त्रालय — नेपाली सेनाका महासेनानी उमेश्वर यादवको अवकाशपूर्व विशेष बढुवा गर्ने।
१६. वन तथा वातावरण मन्त्रालय — राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका अध्यक्ष र सदस्यहरूलाई पदबाट हटाउने।
१७. वन तथा वातावरण मन्त्रालय — जगदम्बा सिमेण्ट इन्डष्ट्रिजलाई चुनढुङ्गा खानी उत्खनन गर्नका लागि वन क्षेत्र प्रयोग गर्न दिने।
१८. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन व्यवस्थापन र दरबन्दी पुनरावलोकन गर्न पूर्वस्वीकृति दिने।
१९. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — लिङ्कन स्कुल सञ्चालन सम्बन्धमा नयाँ समझदारी गर्न स्वीकृति दिने।
२०. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — राष्ट्रिय परीक्षा बोर्ड (पहिलो संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।
२१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूह, जनरल उपसमूह, रा.प.प्रथम श्रेणीको सहसचिव(प्रा) पदमा श्री कुमार थापासमेत चार जनालाई बढुवा गरी पदस्थापन गर्ने।
२२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — सुरक्षण मुद्रण केन्द्रको अस्थायी दरबन्दी स्वीकृत गर्ने।

२३. सहरी विकास मन्त्रालय — नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, बिल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूह, राजपत्राङ्कित प्रथम श्रेणी, सुपरिटेन्डेन्ट इन्जिनियर पदमा श्री कोषनाथ अधिकारीसमेत २ जनालाई बढुवा गर्ने।

२४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — सोलुखुम्बु जिल्लाको टाप्टिङ स्वास्थ्य चौकीलाई १५ शय्याको आधारभूत अस्पतालमा स्तरोन्नति तथा नामाकरण गर्ने।

२५. डा. शैल रुपाखेतीलाई रा.प. विशिष्ट श्रेणीसरहको सेवा सुविधा पाउने गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को चिकित्सक तोक्ने।

२६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — डिजिटल प्रणालीमार्फत नापनक्सा तथा जग्गा प्रशासनसम्बन्धी सेवा प्रवाह निर्देशिका, २०७८ स्वीकृत गर्ने।

२७. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ (CRC) को छैटौं आवधिक प्रतिवेदन स्वीकृत गरी संयुक्त राष्ट्र संघमा पेश गर्न अनुमति प्रदान गर्ने।

२८. वन तथा वातावरण मन्त्रालय — फेवातालको जलाधार क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र घोषणा गर्ने।

२९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — नसर्ने रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि बुहक्षेत्रीय कार्ययोजना (ई.सं. २०२१ देखि २०२५) स्वीकृत गर्ने।

३०. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — राष्ट्रिय प्रसारण (एघारौं संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।

३१. निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतलाई देहायबमोजिम सरुवा गर्नेः-

| क्र.सं. | नाम, थर | साविकको पद र निकाय | सरुवा सिफारिस गरिएको पद र निकाय |
|---|---|---|---|
| १. | श्री यामकुमारी खतिवडा (सङ्केत नं.१५८१६३) | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (कामकाजः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | श्री रामप्रसाद थपलिया (सङ्केत नं.१०१९३१) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| ३. | श्री देवकुमारी गुरागाई (सङ्केत नं.१३८०३८) | कार्यालय प्रमुख, सार्वजनिक खरिद अनुगमन कार्यालय | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (जनसङ्ख्या र प्रशासन) |
| ४. | श्री दिनेश भट्टराई (सङ्केत नं.१४९७५४) | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (वाणिज्य तथा आपूर्ति) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ५. | श्री सुरेश आचार्य (सङ्केत नं.१३१६४८) | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (विज्ञान तथा प्रविधि) | सचिव, खानेपानी मन्त्रालय |
| ६. | श्री प्रमिलादेवी बज्राचार्य (सङ्केत नं.१५१०६५) | सचिव, खानेपानी मन्त्रालय | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (विज्ञान तथा प्रविधि) |
| ७. | श्री गणेश प्रसाद पाण्डेय (सङ्केत नं.१५०३४४) | सचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय (वाणिज्य तथा आपूर्ति) |
| ८. | श्री मधुसुदन बुर्लाकोटी (सङ्केत नं.१४४८८०) | रा.प. विशिष्ट श्रेणी, अतिरिक्त समूह | कार्यालय प्रमुख, सार्वजनिक खरिद अनुगमन कार्यालय |

## संवत् २०७८ साल फागुन ५ गते बसेको मन्त्रिपरिषद्को बैठकका निर्णयहरू

१. अर्थ मन्त्रालय — कोभिड-१९ आकस्मिक प्रतिकार्य तथा जनस्वास्थ्य जोखिमको पूर्वतयारी परियोजनाका लागि विश्व बैंकबाट प्राप्त हुने अमेरिकी डलर १८ मिलियन (करिब रु. २ अर्ब १४ करोड) थप ऋण सहायता स्वीकार गर्ने।

२. अर्थ मन्त्रालय — राष्ट्रिय बीमा संस्थानको सञ्चालक समितिको अध्यक्ष पदबाट श्री गंगाराम कंडेलले दिनु भएको राजीनामा स्वीकृत गर्ने।

३. अर्थ मन्त्रालय — नेपाल धितोपत्र बोर्डको अध्यक्षमा श्री रमेशकुमार हमाललाई नियुक्त गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — वागमती प्रदेश, रामेछाप जिल्ला, रामेछाप नगरपालिका, वडा नं. ७ मा रहेको ठाउँलगायतका क्षेत्रलाई औद्योगिक ग्राम घोषणा गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ लाई स्वीकृत गर्ने।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ हेरफेर गर्ने।

७. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — पशु क्वारेन्टाइन कार्यालय काठमाडौंअन्तर्गत चितवन रामनगरको चेकपोष्टको लागि मुग्लिन नारायणघाट सडक खण्डको करिव ५०० मिटर परिधिभित्र करिब १३ रोपनी जग्गा प्राप्त गर्न स्वीकृति दिने।

८. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — पशु क्वारेन्टाइन कार्यालय वीरगञ्जअन्तर्गत वारा पथलैया चेकपोष्टको लागि महेन्द्र राजमार्ग नजिक पर्ने पथलैयादेखि उत्तरतर्फ अम्लेखगञ्जमा प्रहरी चौकीको आसपास सम्म करिब १ (एक) विगाहमा जग्गा प्राप्त गर्न स्वीकृति दिने।

९. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — बर्ड फ्लु शीघ्र नियन्त्रण गर्ने उद्देश्यका लागि आगामी दिनमा बर्ड फ्लु देखा परेमा बर्ड फ्लु नियन्त्रण नियमावली, २०७८ को नियम ८ को उपनियम (३) बमोजिम बर्ड फ्लु प्रभावित क्षेत्र घोषणा गर्ने अधिकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई प्रत्यायोजन गर्ने।

१०. गृह मन्त्रालय — प्रजातन्त्र दिवस, २०७८ को अवसरमा प्रकाश शेर्पा फिनासा भन्ने फुर्वा शेर्पासमेत ५०१ जना कैदीको बाँकी कैद कट्टा गरी कैद मुक्त गर्न सिफारिस गर्ने।

११. गृह मन्त्रालय — आङनिमा शेर्पासमेतका १२ जना व्यक्तिहरूको सजाय माफी गर्न सिफारिस गर्ने।

१२. गृह मन्त्रालय — नेपाल प्रहरी र प्रदेश प्रहरीको संगठन तथा व्यवस्थापन सर्वेक्षण पुनरावलोकन प्रतिवेदन, २०७८ स्वीकृत गर्ने।

१३. गृह मन्त्रालय — सशस्त्र प्रहरी बल, नेपालको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७८ स्वीकृत गर्ने।

१४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — प्रदेश प्रहरी कार्यालय हेटौंडा मकवानपुरलाई सार्वजनिक जग्गा प्रयोग गर्न स्वीकृति दिने।

१५. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — चौदण्डीगढी नगरपालिका वेल्टारलाई सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने।

१६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — यातायात व्यवस्था सेवा कार्यालय पाल्पालाई सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने।

१७. वन तथा वातावरण मन्त्रालय — नेपाल वन सेवा, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ समूह, राजपत्राङ्कित द्वितीय श्रेणीका श्री वेद कुमार ढकाललाई राजपत्राङ्कित प्रथम श्रेणीको सह सचिव (प्रा.) पदमा बढुवा नियुक्ति दिई वन तथा वातावरण मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने।

१८. वन तथा वातावरण मन्त्रालय —नेपाल वन निगम लिमिटेडका प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत श्री रामेश्वर भट्टराईलाई सो पदबाट बर्खास्त गर्ने।

१९. वन तथा वातावरण मन्त्रालय — वन पैदावार विकास समितिका कार्यकारी अध्यक्ष श्री दीपा दाहाललाई उक्त समितिको कार्यकारी अध्यक्षको पदबाट हटाउनुपूर्व निजले सम्पादन गरेको कार्य सन्तोषजनक नभएको विषय उल्लेख गरी सोउपर सात दिनको समयावधि दिई सफाई पेश गर्ने मौका दिने।

२०. वन तथा वातावरण मन्त्रालय — श्री नन्दलाल राय यादव र श्री दुर्गा बहादुर कार्कीलाई नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, रा.प. प्रथम श्रेणीको सह सचिव (प्रा.) वा सो सरहको पदमा बढुवा नियुक्ति दिई वन तथा वातावरण मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने।

२१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — नियमनकारी निकायको संगठन व्यवस्थापन सर्वेक्षण तथा दरबन्दी सिर्जना गर्न पूर्वस्वीकृति दिने।

२२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय — श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृत प्रदान गर्ने।

२३. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय — श्रमिक अस्पताल स्थापनाको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

२४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — श्री सुरेश सुरस श्रेष्ठलाई नेपाल शिक्षा सेवा, पुरातत्व समूह, राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव (प्रा.) पदमा स्थायी नियुक्ति दिई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने।

२५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — राष्ट्रिय समाचार समितिको अध्यक्ष हरिहर अधिकारीलाई सफाई पेश गर्न लगाउने।

२६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतलाई स्पष्टीकरण पेश गर्न लगाउने।

२७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — ग्लोबल फण्डको एड्स, क्षयरोग र मलेरिया रोग रोकथाम तथा नियन्त्रणका लागि सन् २०२१-२४ को कार्यक्रम कार्यान्वयनका लागि त्रिपक्षीय सम्झौता गर्न स्वीकृति दिने।

२८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — औषधि दर्ता (चौथो संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।

२९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय —नेपाल मेडिकल काउन्सिल (पाँचौं संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।

३०. राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री मुकुन्द प्रसाद निरौलालाई राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गरी बागमती प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने।

# संवत् २०७८ साल फागुन १५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय

१. अर्थ मन्त्रालय — नेपाल सरकार र संयुक्त राज्य अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशनबीच हस्ताक्षर भएको मिलेनियम च्यालेन्ज कम्प्याक्टको व्याख्यात्मक घोषणा (Interpretative Declaration) प्रतिनिधि सभामा पेश गर्न स्वीकृति दिने।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू

# संवत् २०७८ साल फागुन १६ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — केन्द्रीय तथ्याङ्क विभागको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने।

२. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — कानूनले निर्दिष्ट गरेका काम, कर्तव्य, अधिकार एवं पदीय जिम्मेवारी कार्य क्षमताको अभावका कारण पूरा गर्न नसकेको देखिँदा विद्युत नियमन आयोगका अध्यक्ष श्री दिल्ली बहादुर सिंह, सदस्य श्री रामेश्वर प्रसाद कलवार र सदस्य श्री भागिरथी भट्टराई ज्ञवालीलाई पदबाट हटाउने।

३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — कालीगण्डकी-रिडी १३२ के.भी. प्रसारण लाइन आयोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

४. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — नेपाल विद्युत प्राधिकरण, सोलुखुम्बु वितरण केन्द्र र डाडाखेत राहुघाट १३२ के.भी. प्रसारण लाइनको लागि जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — श्री धर्म कुमार न्यौपाने र भिलानन्द यादवलाई नेपाल इन्जिनियरिङ्ग सेवाको रा.प. प्रथम श्रेणी, सुपरिटेण्डेट इन्जिनियर पदमा बढुवा नियुक्ति गरी ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — नवलपरासी जिल्ला अदालतमा दायर भएको प्रतिवादी शिव शंकर बस्यालसमेत (१३ जना) भएको बम विष्फोटन गराई आगजनी गरी अपराधिक उपद्रव गरेको मुद्दा फिर्ता लिने।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — विशेष अदालतको अध्यक्षमा उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री श्रीकान्त पौडेल, सदस्यमा उच्च अदालत जनकपुर, वीरगञ्ज इजलासका माननीय न्यायाधीश श्री रमेशकुमार पोखरेल, उच्च अदालत विराटनगरका माननीय न्यायाधीश श्री यमुना भट्टराई, उच्च अदालत पोखरा, बाग्लुङ इजलासका माननीय न्यायाधीश श्री शालिग्राम कोइराला, उच्च अदालत तुलसीपुर, बुटवल इजलासका माननीय न्यायाधीश श्री वलभद्र बास्तोला र उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री खुशी प्रसाद थारुलाई तथा राजस्व न्यायाधिकरण काठमाडौंको कानून सदस्य एवम् अध्यक्ष पदमा उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री टेक प्रसाद ढुंगानालाई तोक्ने।

८. खानेपानी मन्त्रालय — खानेपानी महशुल निर्धारण आयोगको अध्यक्ष एवं सदस्य सिफारिस समितिको सदस्य पदमा भुपेन्द्र प्रसाद अर्याललाई नियुक्त गर्ने।

९. गृह मन्त्रालय — २०७८ साल फागुन १९ गते बिहीबार ग्याल्पो ल्होसारको उपलक्ष्यमा नेपाल राज्यभरका सबै सरकारी कार्यालय, सार्वजनिक सङ्घ-संस्थाहरूमा सार्वजनिक बिदा दिने।

१०. परराष्ट्र मन्त्रालय — भूतपूर्व ब्रिटिश गोर्खा सैनिकहरूका सम्बोधन हुन बाँकी रहेका मागहरूका बारेमा संयुक्त अधिराज्य सरकारसँग वार्ता गर्न संयुक्त अधिराज्यका लागि नेपाली राजदूतको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल गठन गर्ने।

११. परराष्ट्र मन्त्रालय — प्रो. यदुनाथ खनाल प्रवचन श्रृङ्खलासम्बन्धी अवधारणापत्र स्वीकृत गरी प्रवचनको मिति, रूपरेखा, शीर्षक तथा मुख्य वक्ता/प्रवचनकर्ता छनौटलगायतका विषयमा आवश्यक निर्णय गर्न माननीय परराष्ट्र मन्त्रीको अध्यक्षतामा निर्देशक समिति गठन गर्ने।

१२. परराष्ट्र मन्त्रालय — नेपाल सरकार र इजरायल सरकारबीच संस्कृति, शिक्षा, विज्ञान र खेलकुदको क्षेत्रमा सहयोग सम्बन्धी सम्झौतामा हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने।

१३. परराष्ट्र मन्त्रालय — टर्कीको अन्तालीयामा आयोजना हुने Antalya Diplomacy Forum तथा आंकारामा हुने द्विपक्षीय बैठकमा भाग लिन माननीय परराष्ट्र मन्त्री नेतृत्वको प्रतिनिधिमण्डल गठन गर्ने।

१४. परराष्ट्र मन्त्रालय — नेपाल र दक्षिण अफ्रिकाको परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्रको २०७८ फागुन २६ र २७ मा हुने प्रथम बैठकमा तथा नेपाल र ओमानको परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्रको चैत्र १ मा हुने प्रथम बैठकमा भाग लिन परराष्ट्र मन्त्रालयका सचिव नेतृत्वको प्रतिनिधिमण्डल गठन गर्ने।

१५. परराष्ट्र मन्त्रालय — परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समितिको सदस्यमा श्री दुर्गाप्रसाद भट्टराई, प्रा.डा. कुशुम शाक्य, श्री प्रज्ञा घिमिरे, श्री बालानन्द शर्मा, श्री शेखर गोल्छा र प्रेमप्रसाद लिम्बुलाई मनोनयन गर्ने।

१६. परराष्ट्र मन्त्रालय — संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्को ४९ औं सत्रमा संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी नियोग जेनेभाका राजदूत/स्थायी प्रतिनिधि श्री मणिप्रसाद भट्टराईलाई भाग लिन स्वीकृति दिने।

१७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — रुपा गाँउपालिकालाई सरकारी जग्गा लिजमा उपलब्ध गराउन स्वीकृति दिने।

१८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको प्राविधिक विज्ञमा श्री बलराम मिश्रलाई नियुक्त गर्ने।

१९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — कर्णाली कोरिडोरअन्तर्गत लालीवगर-दुलीकुना खण्डको निर्माण कार्य नेपाली सेनाबाट गराउन स्वीकृति प्रदान गर्ने।

२०. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — अमेरिकाको न्यूयोर्कमा मार्च १४-२५, २०२२ सम्म आयोजना हुने संयुक्त राष्ट्र संघ महिलाको स्थितिसम्बन्धी आयोगको ६६ औं सेसनमा माननीय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति दिने।

२१. रक्षा मन्त्रालय — नेपाली सेना, सैनिक प्राविधिक सेवा, इन्जिनियरिङ समूह, सिभिल तथा आर्किटेक्चर उपसमूहका प्रमुख सेनानी कामेश्वर यादवको बढुवा गर्ने।

२२. रक्षा मन्त्रालय — नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, डेन्टल उपसमूहका प्रमुख सेनानी डा. कृष्ण गोपाल भुजूको अवकाशपूर्व विशेष बढुवा गर्ने।

२३. रक्षा मन्त्रालय — नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ समूह, उत्पादन उपसमूहका सहायक रथी हेगेन्द्र लाल महर्जनको राजीनामा स्वीकृत गर्ने।

२४. रक्षा मन्त्रालय — नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक स्वास्थ्य समूह, नर्सिङ्ग उपसमूहका सेनानी सै.उ. गुनु महत (थापा) को अवकाशपूर्व विशेष बढुवा गर्ने।

२५. वन तथा वातावरण मन्त्रालय — भूमिकास्थान नगरपालिका अर्घाखाँचीलाई आधारभूत अस्पताल निर्माणार्थ वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

२६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — वि.पी. कोईराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान संग्रहालय विकास समितिलाई कायम राख्ने।

२७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय — संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय वा अन्तर्गतका निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने।

२८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — नरहरि घिमिरेसमेत १० जना कर्मचारीहरूलाई नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी (अप्रा) सहसचिव वा सो सरह पदमा स्थायी नियुक्ति गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (अतिरिक्त समूह) मा पदस्थापन गर्ने।

२९. सहरी विकास मन्त्रालय — नेपाल इन्जिनियरिङ सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को अनुसूची -२ मा हेरफेर गर्ने।

३०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — डा. किशोर प्रसाद खत्रीसमेत ८ जनालाई नेपाल स्वास्थ्य सेवाको एघारौं तहमा बढुवा नियुक्ति गर्ने।

३१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — नेपाल स्वास्थ्य सेवा, जनरल नर्सिङ समूह, पाँचौ तह, स्टाफ नर्स पदको स्वीकृत पुल दरबन्दीमध्ये तत्काल पदपूर्ति गर्न आवश्यक तीन सय दरबन्दीको पदपूर्तिको लागि लोक सेवा आयोगमा अनुरोध गरी पठाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई स्वीकृति दिने।

३२. गृह मन्त्रालय — विक्रम संवत् २०७९ साल वैशाख १ गतेदेखि २०७९ साल चैत मसान्तसम्म एक वर्षभरि दिइने सार्वजनिक, पर्व एवं सट्टा बिदा र कार्यालय समय स्वीकृत गर्ने।

३३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय — रेडियोधर्मी (उपयोग तथा नियमन) नियमावली, २०७८ स्वीकृत गर्ने।

३४. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — राष्ट्रिय राजमार्ग छेउमा पेट्रोल, डिजेल तथा एल.पि.जी. ग्याँस फिलिङ स्टेशन स्थापनासम्बन्धी मापदण्ड, २०७८ स्वीकृत गर्ने।

३५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — पुल निर्माण (डिजाइन र निर्माण सम्झौता) दर विश्लेषणको नर्म्स स्वीकृत गर्ने।

३६. नेपाल सरकारले सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी कोभिड-१९ रोग रोकथाम, नियन्त्रण, निदान र उपचार गर्नका लागि आदेश जारी गर्ने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू

## संवत् २०७८ साल फागुन २६ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — श्रीलंकाको कोलम्बोमा हुने Regional Conference on COVID-१९ Related Cyber Crime in the Asian Region मा सहभागी हुन नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरेलाई स्वीकृति दिने।

२. अर्थ मन्त्रालय — राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको स्वामित्वमा रहेको सुर्खेत जिल्ला साविक कटकुवा गा.वि.स. वडा नं.९ को क्षेत्रफल ०-९-८ को जग्गा नेपाल राष्ट्र बैंकलाई बिक्री गर्न स्वीकृति प्रदान गर्ने।

३. अर्थ मन्त्रालय — श्री हुमनाथ सुवेदी र श्री शंकर प्रसाद पन्थीलाई नेपाल लेखापरीक्षण सेवा, राजपत्राङ्कित प्रथम श्रेणीको नायव महालेखापरीक्षक पदमा नियुक्ति दिई महालेखापरीक्षकको कार्यालयमा पदस्थापन गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — नेपाल आयल निगम लिमिटेडको कार्यकारी निर्देशकमा श्री उमेश प्रसाद थानीलाई नियुक्त गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — कुशाहा-विराटनगर १३२ के.भी. प्रसारण लाइन आयोजनाभित्र पर्ने निजी जग्गा र सोभित्र रहेका भौतिक संरचनाहरूको क्षतिपूर्ति निर्धारण गर्न विद्युत क्षतिपूर्ति निर्धारण समिति गठन गर्ने।

६. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — संयुक्त राज्य अमेरिकाको न्यूयोर्क स्थित संयुक्त राष्ट्र संघको मुख्यालयमा संचालन हुने United Nations Convention on the Law of the Sea on the conservation and sustainable use of marine biological diversity of areas beyond national jurisdiction (BBNJ) अन्तर्गत Inter-Governmental Conference को चौथो सत्रमा नेपालको तर्फबाट सहभागिताका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री उदयराज सापकोटाको भ्रमण स्वीकृत गर्ने।

७. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — बीउ बिजनको किसिम वा जात सूचित गर्ने प्रयोजनार्थ राष्ट्रिय बीउ बिजन समितिबाट सिफारिस भई आएबमोजिम सूचना नेपाल राजपत्रमा प्रकाशन गर्न स्वीकृति दिने।

८. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — बंगलादेशको ढाकामा हुने 36th Session of the FAO Regional Conference on Asia and Pacific मा सहभागी हुन कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने।

९. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — G to G प्रावधानअन्तर्गत भारत सरकारसँग हस्ताक्षर भएको समझदारीपत्रमा भएको व्यवस्थाबमोजिम Joint Steering Committee मा सहभागी हुन नेपालको तर्फबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास महाशाखामा सहसचिवको नेतृत्वमा टोली गठन गर्ने तथा मल खरिद गर्न कृषि सामाग्री कम्पनी लिमिटेडलाई तोक्ने।

१०. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — श्री बसन्त बहादुर सिंह र डा. टंक प्रसाद प्रसाईलाई नेपाल कृषि सेवाको राजपत्राङ्कित प्रथम श्रेणी सहसचिव पदमा बढुवा गरी पदस्थापन गर्ने।

११. परराष्ट्र मन्त्रालय — साउदी अरबका परराष्ट्रमन्त्रीले २०७८ फागुन ३० देखि चैत १ सम्म गर्नुहुने नेपाल भ्रमणका अवसरमा द्विपक्षीय वार्ताका लागि माननीय परराष्ट्र मन्त्रीको नेतृत्वमा प्रतिनिधिमण्डल गठन गर्ने।

१२. परराष्ट्र मन्त्रालय — नेपाल र साउदी अरब सरकारबीच हुने GENERAL COOPERATION AGREEMENT BETWEEN THE GOVERNMENT OF NEPAL AND THE GOVERNMENT OF THE KINGDOM OF SAUDI ARABIA को मस्यौदा स्वीकृत गरी नेपालको तर्फबाट हस्ताक्षर गर्न

परराष्ट्र मन्त्रालयलाई अख्तियारी दिने।

१३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — कञ्चनपुर जिल्ला वेदकोट नगरपालिकाअन्तर्गतको जग्गा नापजाँचसम्बन्धी गठन आदेश, २०७८ स्वीकृत गर्ने।

१४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय — राष्ट्रिय भूमि आयोग गठन (दोस्रो संशोधन) आदेश, २०७८ स्वीकृत गर्ने।

१५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — मध्यपहाडी राजमार्गको कास्की खण्डमा पर्ने "भैंसे-ठूलोस्वारा-बाँझापाटा-मल्पी-लामाचौर-तल्लो हेम्जा खण्ड" को स्वीकृत रेखाङ्कन परिवर्तन गरी "भैंसे-ज्याम्दु-मेलबोट-पानीघाट-आँटीघर-अर्मलाकोट- कालिखोला पुल-अमला विसाउनी-लामाचौर-जौंबारी-याम्दी पुल" खण्ड कायम हुने गरी रेखाङ्कन परिवर्तन गर्न स्वीकृति दिने।

१६. रक्षा मन्त्रालय — नेपाली सेना, सैनिक प्राड सेवा तर्फका उपरथी रत्न प्रकाश थापाको २ वर्ष पदावधि थप गर्ने।

१७. रक्षा मन्त्रालय — नेपाली सेना, सैनिक साधारण सेवाका सहायक रथी प्रेमध्वज अधिकारीको बढुवा गरी पदस्थापन गर्ने तथा उपरथी सन्तोष कुमार ढकालसमेत ६ रथीवृन्दहरूको सरुवा गर्ने।

१८. रक्षा मन्त्रालय — संयुक्त राज्य अमेरिकाको हवाइमा हुने Land Force Talk (LFT) को तेस्रो बैठकमा सहभागी हुन नेपाली सेनाका उपरथी नेतृत्वको टोलीलाई स्वीकृति दिने।

१९. वन तथा वातावरण मन्त्रालय — महाशिला गाँउपालिका पर्वतको प्रशासकीय भवन निर्माण गर्नका लागि वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने।

२०. वन तथा वातावरण मन्त्रालय — संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा हुने Government Counsultation on the Stockhoin+५० LDC Engagement Strategy Preparatory meeting सम्बन्धी कार्यक्रममा सहभागी हुन सचिव डा. पेम नारायण कँडेललाई स्वीकृति दिने।

२१. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय — श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डलको संयुक्त अरब इमिरेट्स सेशेल्स र कतार भ्रमण स्वीकृत गर्ने।

२२. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — पत्रकार दुर्घटना बीमा (व्यवस्थापन)(पहिलो संशोधन) निर्देशिका, २०७८ स्वीकृत गर्ने।

२३. वन तथा वातावरण मन्त्रालय — वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८ स्वीकृत गर्ने।

२४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने निर्देशिका, २०७८ स्वीकृत गर्ने।

२५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — औद्योगिक व्यवसाय नियमावली, २०७८ स्वीकृत गर्ने।

२६. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सार्वजनिक खरिद (एघारौं संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।

२७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय — श्री हरिहर अधिकारी (श्यामल) लाई राष्ट्रिय समाचार समितिको अध्यक्ष पदबाट हटाउने।